सुनापति गाउँसभाको १८ औं अधिवेशन
मिति:२०८२/०३/१० गते मंगलबार
बैठक संख्या:०२
समय:दिउँसो १:०० बजे
स्थान:सुनापति गाउँपालिका,सभाहल

आज मिति २०८२ साल असार १० गते मंगलबारका दिन यस सुनापति गाउँसभाका सभाध्यक्ष श्री ठुलो कान्छा तामाङ ज्यूको अध्यक्षेतामा निम्नानुसार बमोजिमका गाउँसभा सदस्यको उपस्थितिमा सुनापति गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो:

**गाउँसभा सभाध्यक्ष उपस्थिति:**

१.श्री ठुलो कान्छा तामाङ: सभाध्यक्ष

**गाउँसभा सदस्य उपस्थिति:**

२.श्री गिता बिष्ट: उपाध्यक्ष

३.श्री ध्रुव प्रसाद चौलागाई: सदस्य

४.श्री पदम बहादुर थापा: सदस्य

५.श्री कुल बहादुर थिङ: सदस्य

६.श्री डण्डुप लामा: सदस्य

७.श्री चित्र बहादुर मानन्धर: सदस्य

८.श्री रिता कामी धमला: सदस्य

९.श्री अविना लामा: सदस्य

१०.श्री सुनमाया तामाङ: सदस्य

११.श्री हरिमाया श्रेष्ठ: सदस्य

१२.श्री टासी लामा: सदस्य

सुनापति गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशनको दोस्रो बैठकको बैठक पुस्तिका बागमती प्रदेश सभाले पास गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन,२०७५ को दफा २२ को उपदफा १ बमोजिम सुनापति गाउँसभाको निर्णय हो भनी प्रमाणित गर्दछु ।

(ठुलो कान्छा तामाङ)
सभाध्यक्ष
मिति:२०८२/०३/१०

CamScanner

सुनापति गाउँसभाको १८ औं अधिवेशन
मिति:२०८२/०३/१० गते मंगलबार
बैठक संख्या:०२
समय:दिउँसो १:०० बजे
स्थान:सुनापति गाउँपालिका,सभाहल

| | | |
|---|---|---|
| १३.श्री मिन कुमार खाती: | सदस्य | |
| १४.श्री डोल कुमारी तिमिल्सिना: | सदस्य | |
| १५.श्री भिम प्रसाद चौलागाई: | सदस्य | |
| १६.श्री चन्द्र बहादुर तितुङ: | सदस्य | |
| १७.श्री कुमारी कामी: | सदस्य | |
| १८.श्री देव बहादुर मगर: | सदस्य | |
| १९.श्री लाल बहादुर तामाङ: | सदस्य | |
| २०. श्री तारा खड्का कार्की: | सदस्य | |
| २१. श्री कमला जैरु: | सदस्य | |
| २२. श्री टेक बहादुर श्रेष्ठ: | सदस्य | |
| २३.श्री मैया वि.क: | सदस्य | |
| २४.श्री निशान लामा: | सदस्य | |
| २५.श्री राजेश्वर बोहोरा: | सदस्य | |
| २६.श्री कमला वि.क सुनार: | सदस्य | |
| २७.श्री रामहरी जर्गा: | सदस्य | |

**गाउँसभा सचिवको उपस्थिति:**

| | | |
|---|---|---|
| २८. श्री सुरेश कुमार श्रेष्ठ: | सचिव | |

सुनापति गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशनको दोस्रो बैठकको बैठक पुस्तिका बागमती प्रदेश सभाले पास गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन,२०७५ को दफा २२ को उपदफा १ बमोजिम सुनापति गाउँसभाको निर्णय हो भनी प्रमाणित गर्दछु ।

(ठुलोकान्छा तामाङ)
सभाध्यक्ष
मिति:२०८२/०३/१०

सुनापति गाउँपालकाको गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा पेश भई सभाका सदस्यहरुको विस्तृत छलफलबाट पारित भएका प्रस्तावहरु तथा प्रस्तावहरुको निर्णयहरु तपसिल बमोजिम उल्लेख गरिएको छ।

**प्रस्तावहरु:**

१. आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृत र अनुमोदन गर्ने सम्बन्धमा।
२. आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी विधेयक स्वीकृत र अनुमोदन गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को विनियोजन विधेयक स्वीकृत र अनुमोदन गर्ने सम्बन्धमा।
४. ऐन तथा कानून पारित गर्ने सम्बन्धमा।
५. करार कर्मचारीको करार नविकरण सम्बन्धमा।
६. प्रधानमन्त्री रोजगार तर्फको रोजगार सहायक र रोजगार प्राविधिकको सम्बन्धमा।
७. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा।
८. स्थानीय दररेट सम्बन्धमा।
९. खर्च अख्तियारी तथा खर्च पारित सम्बन्धमा।
१०. बेरुजु नियमित गर्ने सम्बन्धमा।
११. कार्यपालिकाको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
१२. कार्यपालिकालाई अख्तियारी दिने सम्बन्धमा।
१३. कार्यविधि तथा कानुन निर्माण सम्बन्धमा।
१४. यातायात खर्च उपलब्ध गराउने सम्बन्धमा।
१५. मेलमिलाप कर्ताको भत्ता तथा सुविधा सम्बन्धमा।
१६. दायित्व राखी भुक्तानी दिने सम्बन्धमा।
१७. एकल पुरुष भत्ता र वृद्धकन्या भत्ताको सम्बन्धमा।
१८. खर्च अनुमोदन सम्बन्धमा।
१९. विविध सम्बन्धमा।

**निर्णयहरु:**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री

गिता विष्टद्वारा सभामा पेश भएको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम पारित गरियोस् भनी पेश भएको प्रस्ताव उपर छलफल गरी उपाध्यक्ष गिता विष्टद्वारा सभामा राखेको प्रस्ताव सर्व सम्मत रुपमा सभाको बहुमतद्वारा ध्वनी मतले पारित गरेकोले आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्ययको विवरण तथा बजेट तथा कार्यक्रम स्वीकृत र अनुमोदन भएको निर्णय गरियो। अनुमोदित बजेट तथा कार्यक्रमको वक्तव्य तपसिल अनुसार प्रमाणीकरणको लागि अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिलः

आर्थिक वर्ष २०८२/०८३ को

बजेट तथा कार्यक्रम (आय व्ययको विवरण)

सुनापति गाउँपालिका, हिलेदेवी

रामेछाप जिल्ला

बागमती प्रदेश

२०८२

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन. २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

दुर्लोकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलबार

कर प्रणालीमा सुधार गरी राजस्व संकलनको आयतन वृद्धि गर्नु पर्नेछ। यसको राजस्व प्रशासनको दक्षता अभिवृद्धको साथै दिगो जनशक्तिको समेत व्यवस्था गर्नु पर्दछ।

- ✓ यस बजेटको कर्यान्वियनबाट गाउँपालिकाको आर्थिक गतिविधिमा अभिवृद्धि हुनुको साथै लिएको सोच तथा लक्ष्य हासिल गर्ने अपेक्षा लिएको छु। यस बजेटको कार्यान्वयनको उधमशीलताको विकास गरी रोजगारीको सृजनाको साथै आर्थिक अनुशासन कायम गर्ने अपेक्षा गरेको छु। बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेमा सुनापतिको विकासमा तिव्रता आउनुको साथै सामाजिक न्याय स्थापनामा समेत योगदान गर्ने कुरामा विश्वस्त छु।
- ✓ बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, आर्थिक प्रशासन शाखा लगायत सबै विषयगत शाखा प्रमुखहरु, विषयगत समितिका संयोजक तथा वडा अध्यक्षज्यूहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। बजेटका सम्बन्धमा अमूल्य सल्लाह सुझाव प्रदान गर्नु हुने आम सुनापति नागरिक समुदाय, राजनीतिक दलका स्थानीय र उच्च नेतागण, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, विकास साझेदार संघ संस्था, विभिन्न क्षेत्रका विज्ञ, सञ्चार जगत, सबै राष्ट्रसेवक कर्मचारी र नागरिक समाज लगायत सुझाव दिनु हुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।प्रस्तुत बजेटको कार्यान्वयनको लागि सम्बन्धित सबैले रचनात्मक सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु।

धन्यवाद् ।

<u>प्रस्तुत गर्ने</u>

उपाध्यक्षः गिता विष्ट

मितिः २०८२/०३/१०

निर्णय नं. २: प्रस्ताव नं. २ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री गिता विष्टद्वारा सभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी विधेयक, २०८२ वा सुनापति गाउँपालिकाको आर्थिक ऐन, २०८२ पारित गरियोस् भनी सभामा पेस भएको प्रस्ताव उपर छलफल गरी सभाको बहुमतद्वारा ध्वनी मतले उपध्यक्ष गिता विष्टद्वारा राखेको प्रस्ताव स्वीकृत भएकोले सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी विधेयक, २०८२ सर्वसम्मत

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

.......................

इलोकान्छा तामाङ

सभा अध्यक्ष

मिति २०८२ असार १० मंगलबार

स्वीकृत र अनुमोदन भएको निर्णय गरियो। अनुमोदित अर्थ सम्बन्धी विधेयक तपसिल अनुसार रहेको छ।

तपसिलः

## सुनापति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### हिलेदेवी, रामेछाप

### बागमती प्रदेश, नेपाल

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

ठुलोकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलबार

- आगामी आको सम्पति कर २०८.व.२ साल आश्विन मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ ।
- विगत आ.व को १० प्रतिशत विलम्ब.व.मा व्यवसाय कर नबुझाउने करदाताहरुलाई लाग्ने करमा प्रत्येक आ. शुल्क थप गरी असुल गरिनेछ ।
- व्यवसाय दर्ता / नविकरण तथा सुचिकृत प्रतिलिपि लिनुपर्ने भएमा एकमुष्ट रु५००। .लाग्नेछ ।
- महिलाहरु तथा अपांगता दलित भएका सुनापति गाउँपालिकावासीहरुलाई व्यवसायमा आकर्षित गर्न महिला तथा अपांगता भएका व्यक्ति सञ्चालक रहेका व्यवसाय दर्तामा २० प्रतिशत छुटको व्यवस्था गर्नेछ ।
- कर रसीद प्रतिलिपी रु५०। .लाग्नेछ ।

**माथि अनुसूचीहरुमा उल्लेखित राजश्वका शीर्षकमा (अनुसूची -१८ विलम्ब शुल्क, दण्ड तथा जरिवाना) मा नसमेटिएका र दुविधा उत्पन्न भएका करका विषयहरुमा राजश्व परामर्श समितिका संयोजकको सिफारिसमा निर्धारण गरिएको करको दर उक्त समय पछि बस्ने गाउँ सभाबाट अनुमोदन गर्नुपर्नेछ।**

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री गिता विष्टद्वारा सभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को विनियोजन विधेयक, २०८२ वा सुनापति गाउँपालिकाको विनियोजन ऐन, २०८२ पारित गरियोस् भनी सभामा पेश भएको प्रस्ताव उपर छलफल गरी सभाको बहुमतद्वारा ध्वनी मतले पारित भएकोले सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८२ को विनियोजन विधेयक, २०८२ सर्वसम्मत स्वीकृत तथा अनुमोदन भएको निर्णय गरियो। अनुमोदित विनियोजन विधेयक तपसिल अनुसार रहेको छ।

तपसिल:

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

..............................
दुलोकान्छा लामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलबार

# सुनापति गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड: ८

संख्या:

मिति:२०८२/०३/१०

भाग: १

## सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

## बागमती प्रदेश

## नेपाल

## सुनापति गाउँपालिकाको विनियोजन विधेयक, २०८२

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

दुलोकान्छा तामाङ

सभा अध्यक्ष

मिति, २०८२ असार १० मंगलबार

१. सुनापति गाउँपालिकाको प्रज्ञा प्रतिष्ठन सम्बन्धी ऐन, २०८२।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत देहायका करार कर्मचारीहरुको आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि करार अवधि कार्यसम्पादन मूल्यांकनको आधारमा २०८२ श्रावण १ गते देखि २०८२ पुष मसान्त सम्मको लागि नवीकरण गर्ने निर्णय गरियो।

देहाय:

| क्र. सं. | कर्मचारीको नाम,थर | पद | तह | कार्यालय/कार्यक्रम | तलब भुक्तानी स्रोत/पदपूर्ति |
|---|---|---|---|---|---|
| १. | श्री प्रमिला घिमिरे | मनोपरामर्श कर्ता | ५ औं | सुनापति गा.पा. | सामी रोजगार प्रवर्द्धन |
| २ | श्री सितामाया मोक्तान | वित्तीय साक्षरताकर्ता | ५ औं | सुनापति गा.पा. | सामी रोजगार प्रवर्द्धन |
| ३. | श्री लक्ष्मीलाल लामा | रिटर्नी स्वयम् सेवक | श्रेणीविहिन | ३ नं. वडा | सामी रोजगार प्रवर्द्धन |
| ४. | श्री मन्जु घिसिङ | रिटर्नी स्वयम् सेवक | श्रेणीविहिन | ४ नं. वडा | |
| ५. | रिक्त | MIS अपरेटर | ५ औं | सुनापति गा.पा. | पञ्जिकरण विभाग र गाउँपालिका ५०/५० |
| ६. | श्री श्रीराम ढुंगाना | फिल्ड सहायक | चौथो | सुनापति गा.पा. | |
| ७. | श्री रमेश कठायत | उद्यम विकास सहजकर्ता | चौथो | सुनापति गा.पा. | गरिबी निवारणका लागि लगु उद्यम विकास कार्यक्रम |
| ८. | श्री समिक्षा गौतम | कृषि स्नातक अधिकृत | छैठौं | सुनापति गा.पा. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ९. | रेजिना ग्यापक | ना.प्रा.स. | चौथो | खनियापानी कृषि तथा पशु सेवा केन्द्र | पालिका |
| १०. | श्री देवकी कोजु | ना.प्रा.स. (OVOT) | चौथो | दिमीपोखरी कृषि तथा पशु सेवा केन्द्र | कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पालिका ५०/५० |
| ११. | श्री केशव चौलागाईं | ना.प.से.प्रा. (OVOT) | चौथो | गुन्सी कृषि तथा पशु सेवा केन्द्र | |
| १२ | श्री प्रविण श्रेष्ठ | इन्जिनियर | छैठौं | सुनापति गा.पा. | पालिका |
| १३. | श्री भुपेन्द्र प्रसाद यादव | सव-ईन्जिनियर | पाँचौं | सुनापति गा.पा. | पालिका |
| १४. | श्री डुप्छेन लामा | सव-ईन्जिनियर | पाँचौं | | |
| १५. | श्री अनु तामाङ | अभ्याङकर्ता | चौथो | आयुर्वेद कार्यालय ४ नं. वडा | पालिका |
| १६. | श्री निकुन्तला तामाङ | अभ्याङकर्ता | चौथो | | |
| १७. | श्री सिता विश्वकर्मा | अ.न.मी. | चौथो | गुन्सी स्वास्थ्य चौकी | पालिका |
| १८. | श्री लक्ष्मी थापा मगर | अ.न.मी. | चौथो | सामुदायिक स्वास्थ्य इकाई, मानपुर | पालिका |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

हुलोकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलबार

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | श्री सर्मिला श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी विहिन | सामुदायिक स्वास्थ्य इकाइ जोरधारा | पालिका |
| ४४ | श्री मन्जु मानन्धर | कार्यालय सहयोगी | श्रेणी विहिन | खनियापानी स्वास्थ्य चौकी | पालिका |
| ४५ | श्री सरिता योन्जन | कार्यालय सहयोगी | श्रेणी विहिन | सामुदायिक स्वास्थ्य इकाइ भिरकोट | पालिका |
| ४६ | श्री नवराज श्रेष्ठ | एम्बुलेन्स चालक | श्रेणी विहिन | सुनापति गा.पा. | पालिका |
| ४७ | श्री सागर तामाङ | हलुका सवारी चालक | श्रेणी विहिन | सुनापति गा.पा. | पालिका |
| ४८ | श्री सुजन श्रेष्ठ | जे.सि.बी.चालक | श्रेणी विहिन | सुनापति गा.पा. | पालिका |
| ४९ | श्री टसी लामा | हलुका सवारी चालक | श्रेणी विहिन | सुनापति गा.पा. | पालिका |
| ५० | श्री नागेश्वर चौधरी | मेडिकल अधिकृत | आठौं | १० शैयाको अस्पताल | पालिका |
| ५१ | श्री कमला रम्तेल | ल्याब टेक्निसियन | पाँचौ | १० शैयाको अस्पताल | पालिका |
| ५२ | श्री रमिला ग्यापक | स्टाफ नर्स | पाँचौ | १० शैयाको अस्पताल | पालिका |
| ५३ | श्री रचना भुजेल | नापी सर्वेक्षक | पाँचौ | सुनापति गा.पा. | पालिका |
| ५४ | श्री समिक्षा तामाङ | स्टाफ नर्स | पाँचौ | सुनापति आधारभूत अस्पताल | पालिका |
| ५५ | श्री विनिता तितुङ | अ.न.मी. | चौथो | धारापानी CHU | पालिका |
| ५६ | श्री रेलिमायाँ मगराती | अ.न.मी. | चौथो | डाँसे CHU | पालिका |
| ५७ | श्री इश्वरी कार्की | सरसफाइ कर्मी | श्रेणी विहिन | सुनापति आधारभूत अस्पताल | पालिका |

निर्णय नं.- ६: प्रस्ताव नं. ६ माथि विस्तृत छलफल गर्दा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौंको प.सं. ४-०८१/०८२, च.नं./pmep/ ४१९ र मिति: २०८२/०२/०१ को पत्रानुसार यस सुनापति गाउँपालिकामा रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा ८ मा उल्लिखित प्रावधान कार्यान्वयनको लागि स्थापित रोजगार सेवा केन्द्रमा रोजगार संयोजक, प्राविधिक सहायक र रोजगार सहायक कार्यरत रही सेवा प्रवाह भइरहेको छ। कार्यरत रोजगार संयोजक, रोजगार सहायक र प्राविधिक सहायकको लागि संघीय सशर्त अनुदानबाट तलब/भत्ता व्यवस्थापन हुँदै आइरहेको भएतापनि आगामी आर्थिक वर्ष २०८२/०८३ देखि रोजगार सहायक र प्राविधिक सहायकको तलब/भत्ता विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेटबाट व्यवस्था हुँदै आएकोमा सो आयोजनाको समयावधि २०८२ असार मसान्तमा समाप्त हुने भएकोले कार्यक्रम सञ्चालन खर्च र

रोजगार संयोजकको लागि तलब सुविधामात्र संघीय सशर्त अनुदानबाट प्राप्त हुने र प्राविधिक सहायक र रोजगार सहायकको तलब/भत्ताको व्यवस्था नहुने भएकोले रोजगार सहायक र प्राविधिक सहायकको हकमा माग र आवश्यकताको आधारमा सम्बन्धित स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्न नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति: २०८१/०१/३१ गतेको निर्णय अनुसार अनुरोध भई आएको छ। यस सम्बन्धमा नेपालको संविधानको धारा ५७ मा उल्लिखित स्थानीय तहको क्षेत्राधिकार र अनुसूचि ७ र ८ मा उल्लेख भए अनुसार हालसम्म सञ्चालन भएका न्यूनतम रोजगारी सिर्जना र एकीकृत सुचना प्रणाली सञ्चालनको जिम्मेवारी स्थानीय तहको भएको, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ५(३) मा रोजगार संयोजकलाई सहयोग पुर्‍याउन सम्बन्धित स्थानीय तहले रोजगार सेवा केन्द्रमा कामकाज गर्ने गरी आवश्यक कर्मचारी खटाउन सक्ने व्यवस्था अनुसार साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको उक्त पत्रमा उल्लिखित अन्य आधारहरुको आधारमा यस गाउँपालिकाको अन्य प्रशासनिक कामकाजमा समेत सघाउ पर्‍याउन थप जिम्मेवारी समेत दिई कामकाजमा खटाउने गरी यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक र प्राविधिक सहायक मध्ये रोजगार सहायक श्री मिरा मगरलाई गाउँपालिकाको करार सेवा शुल्क अन्तर्गतको स्रोतबाट नियमानुसार तलब/भत्ता प्रदान गर्ने गरी रोजगार सहायकको पदमा रही आगामी आर्थिक वर्ष २०८२/०८३ मा पनि कामकाज गर्ने गरी करार नविकरण गर्ने निर्णय गरियो। साथै प्राविधिक सहायकको कामकाजको जिम्मेवारी सहित रोजगार तर्फको समेत प्राविधिकको कामकाजमा वडा प्राविधिकको रुपमा खटाउने गरी पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत रहने गरी अर्को व्यवस्था नभएसम्मको लागि करार सेवा शुल्कबाट तलब सुविधा पाउने गरी श्री नविन जैरुको करार नविकरण गर्ने निर्णय समेत गरियो।

निर्णय नं.७: प्रस्ताव नं. ७ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी र अस्थायी करार कर्मचारीहरुलाई कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको कामकाज गरे वापत कार्यसञ्चालन कार्यविधिमा तोकिए बमोजिम साथै कर्मचारीहरुको मनोवल उच्च राखी कार्यसम्पादनलाई प्रभावकारी बनाउनको लागि कार्यालयको कामकाजमा कर्मचारीहरुलाई उत्प्रेरित बनाउन कार्यपालिकाको पूर्व निर्णय अनुसार कामको बोझको आधारमा प्रदान गरिएको स्थानीय भत्ता र प्रोत्साहन भत्ता खर्च अनुमोदन गर्नुको साथै आगामी आर्थिक वर्ष २०८२/०८३ मा समेत आवश्यकताको आधारमा कर्मचारीहरुलाई गाउँपालिकामा टिकाउनको लागि मापदण्ड बनाई स्थानीय

भत्ता, प्रोत्साहन भत्ता, दैनिक भ्रमण भत्ता लगाएतका सुविधा उपलब्ध गराउन कार्यपालिकालाई सहमति दिने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि विस्तृत छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा यस सुनापति गाउँपालिकाको विकास निर्माणको योजना तथा कार्यक्रम सञ्चालनका काम गर्न र अन्य खरिद सम्बन्धी काम गर्नको लागि निर्माण सामाग्रीहरुको मूल्य, कामदारहरुको ज्याला तथा अन्य सामानहरुको दररेट गाउँपालिकाले छुट्टै तयार नगरेकोले स्थानीय दररेट नबनेसम्मको लागि जिल्ला दररेट साथै आवश्यकताको आधारमा राष्ट्रिय दररेटलाई समेत आधार मानी कार्यसञ्चालन गर्ने निर्णय गरियो। ढुङ्गा गिट्टी बालुवा सिमेन्ट रड लगायतका निर्माण सामाग्रीहरुको दररेट ढुवानी सहित र ढुवानी बाहेकको दुवै दररेट कायम गर्ने साथै भौतिक दूरीको आधारमा ढुवानी थप गरी स्थानीय दररेट कायम गर्ने निर्णय गरियो।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि विस्तृत छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को संघीय सशर्त अनुदान, संघीय समानीकरण अनुदान, संघीय राजस्व बाँडफाँड, संघीय समपुरक र संघीय विशेष अनुदान तथा प्रदेश सशर्त अनुदान, प्रदेश समानीकरण अनुदान, प्रदेश राजस्व बाँडफाँड, प्रदेश समपुरक र प्रदेश विशेष अनुदान साथै गाउँपालिकाको आन्तरिक स्रोत सहितको बजेट तथा कार्यक्रम सुत्र प्रणालीमा प्रविष्टि भए बमोजिम अख्तियारी तथा खर्च पारित गर्ने र खर्चको अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरीक्षण भई महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदन, २०८२ को दफा २४, दफा ४०, दफा ५३, दफा ५६, दफा ६०, दफा ६३ मा अनियमित भुक्तानी भनी अनियमित रकम उल्लेख गरेकोमा अनियमित रुपमा गाउँपालिकाले खर्च नगरेको, अब देखि अनियमित हुने गरी यस्ता बिल भुक्तानी नगर्ने गरी उल्लिखित दफाहरुमा रहेको अनियमित बेरुजुहरु हाललाई नियमित गराई लगत कट्टी गराउने निर्णय गरियो।

निर्णय नं. ११: प्रस्ताव नं. ११ मा विस्तृत छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को विभिन्न मितिका यस सुनापति गाउँकार्यपालिकाको बैठकका निर्णयहरु यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकले अनुमोदन गर्ने निर्णय गरियो। साथै सुनापति गाउँ कार्यपालिकाको

कार्यालयस्तरमा भएका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र अधिकृत स्तरका अन्य कर्मचारबाट भएका सम्पूर्ण निर्णयहरु, कर्मचारी व्यवस्थापन सम्बन्धी सबै निर्णयहरु, अख्तियारी तथा जिम्मेवारी तोकिएका सम्बन्धी सबै निर्णयहरु, खर्च तथा भुक्तानी सम्बन्धी सबै निर्णयहरु, विषयगत समिति र अन्य कानुनत निर्मित समितिहरुको विभिन्न मितिमा भएका बैठकका निर्णयहरुलाई गाउँसभाको यस बैठकले अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि विस्तृत छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वियनको लागि आवश्यक पर्ने कानुन तथा कार्यविधि, ऐन, नियमावली, मापदण्ड, निर्देशिका लगायतका अन्य निर्णयहरु गरी, आवश्यक रकमान्तर समेत गरी बजेट तथा कार्यक्रम कार्यान्वियन गर्न सुनापति गाउँकार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो। साथै यस गाउँसभाको बैठकबाट प्रदान गरिएको अख्तियारी बमोजिम गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई खर्च तथा प्रशासन सञ्चालन र व्यवस्थापनको जिम्मेवारी समेतको अख्तियारी दिई आर्थिक वर्ष २०८२/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने निर्णय गरियो।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि विस्तृत छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वियनको क्रममा आवश्यक पर्ने कानुन तथा कार्यविधिहरु, मापदण्डहरु, निर्देशिकाहरु तर्जुमा गर्ने साथै भएका कानुन तथा कार्यविधिहरु परिमार्जन गर्न सक्ने अधिकार यस गाउँसभाको बैठकले गाउँकार्यपालिकालाई दिने निर्णय गरियो।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि विस्तृत छलफल गर्दा क्यान्सर, मुटु सम्बन्धी रोग तथा मुटुको भल्भ फेर्ने, मृगौला सम्बन्धी रोग, अल्जाइमर्स र पार्किन्सन्स तथा अन्य घातक रोग लागेका बिरामीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने उपचार खर्चको अतिरिक्त गाउँपालिकाबाट यातायात खर्च स्वरुप एक पटकको लागि एक बिरामीलाई बढीमा रु. १० (दश) मात्र उपलब्ध गराउँदै आएकोमा आर्थिक वर्ष २०८२/०८३ मा २०८२/०८३ मा रोग लागेको प्रमाणित हुने कागजात सहित एम्बुलेन्स प्रयोग गरेर अस्पताल पुगेर अस्पतालमा भर्ना भई उपचार गराएको प्रमाणं कागजात साथै हस्पिटलको सिफारिसको आधारमा मात्र दिने निर्णय गरियो।

निर्णय नं. १५: प्रस्ताव नं. १५ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिकाको प्रत्येक वडामा सुचिकृत भएका बढीमा ५ जनासम्म मेलमिलापकर्त्ता भएको एक वटा मेलमिलापकेन्द्रको रुपमा वडा

कार्यालयलाई ... गनिएकोले मेलमिलाप ... र सदस्यहरुलाई बैठक बसेको माइन्युटको आधारमा र उजुरी दर्ता सँधै मेलमिलापको माध्यमबाट उजुरी फछ्र्यौटको विवरण अनुसार मेलमिलापकर्ता सम्बन्धी कार्यविधि बमोजिमको भत्ता तथा अन्य सुविधा प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १६: प्रस्ताव नं. १६ माथि, विस्तृत छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा संघीय र प्रदेश राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदानको बजेट रकम तोकिएको सीमाबाट कटौती भई स्रोत प्राप्त भएको र गाउँपालिकाको आन्तरिक स्रोत तर्फको बैंक मौज्दातको रकम समेत घाटा बजेट पूर्ति गर्ने स्रोतको रुपमा बजेटमा उल्लेख गरी घाटा बजेट तर्जुमा गर्दा आन्तरिक स्रोतको रकम समेत अपुग भएको हुँदा उक्त स्रोत अन्तर्गतका विनियोजित बजेटबाट तय गरिएका बजेट तथा कार्यक्रमका योजनाको भुक्तानी हुन नसकी दायित्व सृजना भएका योजनाहरुको भुक्तानीको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमबाट भुक्तानी हुने गरी बजेट तथा कार्यक्रममा भुक्तानीको लागि योजनागत शिर्षकमा दायित्वको लागि रकम छुटयाई भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १७: प्रस्ताव नं. १७ माथि विस्तृत छलफल गर्दा यस गाउँपालिकाबाट प्रदान हुँदै आएको एकल पुरुष भत्ता र वृद्धकन्या भत्ताको लागि आवश्यक कार्यविधि नबन्नुको साथै भत्ता प्रदान गर्ने स्रोत समेतको सुनिश्चित नभएकोले र मलेप प्रतिवेदनमा शैद्धान्तिक बेरुजु लेख्ने गरेकोले कार्याविधि तर्जुमा भई स्रोतको सुनिश्चतता नहुँदा सम्म प्रदान नगर्ने निर्णय गरियो।

निर्णय नं. १८: प्रस्ताव नं. १८ माथि विस्तृत छलफल गर्दा यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा भएका सम्पूर्ण चालू र पूँजीगत खर्चहरु बजेट तथा कार्यक्रम अनुसार भएका, कतिपय खर्चहरु कार्यपालिका बैठकको निर्णय अनुसार भएकाले सबै प्रकारको भुक्तानी खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १९: क) प्रस्ताव नं. १९ माथि विस्तृत छलफल गर्दा गाउँसभा, गाउँकार्यपालिका बैठक, विषयगत समितिको बैठक, बोलपत्र मूल्यांकन समितिको बैठक, राजस्व परामर्श समितिको बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक, स्रोत अनुमान तथा बजेट सीमा निर्धारंण समिति बैठक, विपद् व्यवस्थापन समिति बैठक, कर्मचारी बैठक, स्वास्थ्य शाखाको मासिक, अर्धवार्षिक र वार्षिक समीक्षा कार्यक्रम, शिक्षा समितिको बैठक लगायतका प्रचलित कानुन तथा कार्यविधि, निर्देशिका बमोजिम गठित अन्य समितिको बैठकहरुमा आमन्त्रित सदस्यको रुपमा उपस्थित भएका कर्मचारी तथा विषय विज्ञ र

जनप्रतिनिधिलाई साथै आमन्त्रित व्यक्तिहरुलाई, गाउँकार्यपालिकाको बैठक र गाउँसभा अधिवेशनको बैठकमा सहभागी गाउँकार्यापालिकाको कार्यालयका कर्मचारीहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो। आमन्त्रित सदस्यको रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई बैठकमा उपस्थित गराई प्रदान गरिएको बैठक भत्ता अनुमोदन गर्ने निर्णय गरियो। साथै आगामी आर्थिक वर्ष २०८२/०८३ देखि बढीमा ५ जना आमन्त्रित कर्मचारीं तथा व्यक्तिलाई बढीमा ५ वटा बैठकको भत्ता तोकिएको कार्यसञ्चालन निर्देशिका अनुसार उपलब्ध गराउने निर्णय गरियो। विद्यालय अनुगमन, स्वास्थ्य संस्था र वडा कार्यालयहरु अनुगमन, कार्यक्रम अनुगमन, योजना अनुगमन गर्दा प्रदान गरिएको दैनिक भ्रमण भत्ता सहित अन्य भत्ता तथा खर्चको अनुमोदन गर्ने निर्णय गरियो। आर्थिक वर्ष ३०८२/०८३ मा समेत यसै निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो।

ख) योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आवद्धता सम्बन्धमा।

निर्णयः सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नुको साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनको लागि नेपाल सरकारले मितिः २०८२/०१/०१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन चिगरी प्रदेश संचित कोष र स्थानीय संचित कोषबाट पारिश्रमिक पठाउने (प्रचलित कानुन बमोजिम निवृत्तिभरण पाउने बाहेक) कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा योगदान कर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाईपाई आएको तलवको कम्तिमा ६० (साठी) प्रतिशतलाई आधारभूत तलव मानी त्यसको २० (बीस) प्रतिशत रोजगारदाताबाट र ११ (एघार) प्रतिशत योगदान कर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि सु-सूचित गरेको, नेपाल राजपत्र भाग-५ को प्रति सहित संलग्न गरी सामाजिक सुरक्षा कोष थापाथली काठमाडौंको मितिः २०८२/०२/१६ को पत्रबाट समेत अनुरोध भई आएको र प्रचलित कानुन बमोजिम निवृत्तिभरण नपाउने कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा योगदान कर्ताको रुपमा आवद्धता गराउनु गाउँपालिकाको सकारात्मक उत्प्रेरणा हुनुको साथै कर्मचारीहरुमा कार्यालयको कार्यसम्पादनमा समेत उच्च मनोबल सृजना भई थप प्रभावकारीता अभिवृद्धि समेत हुने भएकोले गाउँपालिका अन्तर्गतका सबै तहका करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा योगदान कर्ताको रुपमा सूचिकृत गरी कर्मचारीहरुको सामाजिक सुरक्षामा टेवा पुर्‍याउने गरी संघीय सरकारको नीतिलाई यस गाउँपालिकामा स्थानीयकरण गर्दै क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो।

ग) यस सुनापति गाउँपालिकामा साझेदार निकायको रुपमा कार्यक्षेत्र बनाई परियोजना कार्यान्वयन गर्ने तपसिलका निकायहरुको वार्षिक बजेट तथा कार्यक्रमहरुलाई यस सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट पुस्तिकामा समावेश गरी प्रकाशन गर्ने निर्णय गरियो।

तपसिल:

१. सहयोगी हातहरुको समूह (सहास नेपाल)।
२. सामाजिक विकास समाज (सिडिएस)।
३. हिमाली नविन समाज।

यस सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम विस्तृत रुपमा तपसिल अनुसार उल्लेख गर्ने निर्णय गरियो।

तपसिल:

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

दुर्गाकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलबार

# सुनापति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### चालु खर्च

| क. सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
|---|---|---|---|
| १ | पोशाक | २११२१ | ५,००,००० |
| २ | आमाबावु बिहिन बालबालिका पुर्नस्थापना कार्यक्रम | २११३९ | ५०००० |
| ३ | गर्भवती/सुत्केरी र बिपद्मा परेकालाई निःशुल्क एम्बुलेन्स सेवा | २११३९ | १,५०,००० |
| ४ | बर्थिङ सेन्टरका नर्सिङ कर्मचारीहरुलाई नाइट ड्युटी भत्ता | २११३९ | ३,००,००० |
| ५ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको वार्षिक समिक्षा गोष्ठी तथा राष्ट्रिय स्वयम् सेविका दिवस | २११३९ | १,३५,००० |
| ६ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मासिक यातायात खर्च | २११३९ | ४,५०,००० |
| ७ | स्वास्थ्य शाखाको मासिक प्रतिवेदन संकलन तथा समिक्षा बैठक खर्च | २११३९ | १,५०,००० |
| ८ | आर्थिक सहायता कोष/दिर्घ रोगी सहायता कोष | २१२१९ | १५,००,००० |
| ९ | इन्धन (पदाधिकारी) | २२२११ | १५,००,००० |
| १० | बिमा तथा नवीकरण खर्च | २२२१४ | ६,००,००० |
| ११ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | ८,००,००० |
| १२ | गाउँपालिका कार्यालयमा पुस्तकालय व्यवस्थापन | २२३१३ | ३,००,००० |
| १३ | अस्पतालको ओ.पी.डी. टिकट, ल्याब रिपोर्ट फर्म लगायत मातृ शिशु सेवासंग सम्बन्धित तथा अन्य आवश्यक फर्म फर्म्याट छपाई | २२३१५ | १,००,००० |
| क. सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
| १४ | शैक्षिक पात्रो निर्माण र छपाइ | २२३१५ | १,००,००० |
| १५ | अध्यक्ष कृषक का्रकम | २२३१९ | २,००,००० |
| १६ | आयुर्वेदिक औषधि/उपकरण खरिद | २२३१९ | ४,००,००० |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

दुलेकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १०-मंगलबार

| | | | |
|---|---|---|---|
| १७ | स्वास्थ्य संस्थाहरुलाई कार्यालय संचालन व्यवस्थापन/न्युनतम सेवा मापदण्ड सुधार | २२३१९ | ३,००,००० |
| १८ | सेवा र परामर्श खर्च | २२४११ | ४,००,००० |
| १९ | करार सेवा शुल्क | २२४१३ | २२,६१,००० |
| २० | खानेपानीको गुणस्तर परीक्षण कार्यक्रम | २२४१४ | १,००,००० |
| २१ | सरसफाईसेवा शुल्क | २२४१४ | ५०,००० |
| २२ | अन्य सेवा शुल्क | २२४१९ | १,००,००० |
| २३ | माटो ल्याब सञ्चालनका लागि प्राविधिकहरुलाई क्षमता अभिबृद्धि तालिम | २२५११ | ५०,००० |
| २४ | जनप्रतिनिधि तालिम | २२५१२ | ४,००,००० |
| २५ | जनप्रतिनिधि महिला र अन्य महिला क्षमता विकास तालिम | २२५१२ | २,००,००० |
| २६ | महिला सञ्जाल,जेष्ठ नागरिक सञ्जाल,तथा बाल क्लब, अपाङ्ग सञ्जाल व्यवस्थापन तथा प्रतिरक्षात्मक तालिम | २२५१२ | २,००,००० |
| २७ | विद्यालय स्तरीय मनोसामाजिक परामर्श सेवा व्यवस्थापन | २२५१२ | १,५०,००० |
| २८ | सेनेटरी प्याड व्यवस्थापन तालिम | २२५१२ | १,००,००० |
| २९ | १६ दिने लैंगिक हिंसा विरुद्ध अभियानका अवसरमा बिविध कार्यक्रम | २२५२२ | २,००,००० |
| ३० | अध्यक्ष कप प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | २२५२२ | १०,००,००० |
| ३१ | तीज विशेष कार्यक्रम व्यवस्थापन | २२५२२ | १,५०,००० |
| ३२ | दलित उत्थान कार्यक्रम | २२५२२ | २,००,००० |
| क. सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
| ३३ | नि:शुल्क स्वास्थ्य शिविर आयोजना | २२५२२ | ३,००,००० |
| ३४ | योगा कार्यक्रम | २२५२२ | १,००,००० |
| ३५ | विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | २२५२२ | ५,००,००० |
| ३६ | काष्टकला सीप विकास तालिम सुनापति गाउँपालिका (टुङ्ना, डम्फु,मादल) लगायत अन्य कार्यक्रम | २२५२९ | ५,००,००० |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

कुलोकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलबार

| | | | |
|---|---|---|---|
| ३७ | गाउँपालिकाको स्थापना दिवसको अवसरमा चियापान तथा सम्मान कार्यक्रम | २२५२९ | २,००,००० |
| ३८ | नारी दिवसको अवसरमा गाउँपालिका स्तरीय उद्यमी महिलाहरुको कला प्रर्दशनी कार्यक्रम | २२५२९ | ३,००,००० |
| ३९ | बाझो जमिन खेती तथा भुमि ब्याङ्क | २२५२९ | १५,००,००० |
| ४० | बाल विवाह,बालश्रम तथा दाइजो प्रथा अन्त्यका लागी कानूनी चेतनामूलक कार्यक्रम | २२५२९ | १,००,००० |
| ४१ | सञ्चार तथा प्रचार प्रसार खर्च कृषि | २२५२९ | ५०,००० |
| ४२ | सुत्केरीसँग उपाध्यक्ष (पोषण सामग्री कोसेली) कार्यक्रम | २२५२९ | ४,००,००० |
| ४३ | पदाधिकारी अध्ययन अवलोकन भ्रमण | २२६११ | ७,००,००० |
| ४४ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण | २२६११ | १,५०,००० |
| ४५ | भ्रमण खर्च | २२६१२ | १५,००,००० |
| ४६ | कर्मचारि अध्ययन अवलोकन भ्रमण | २२६१३ | १२,००,००० |
| ४७ | अन्य भ्रमण खर्च | २२६१९ | २,००,००० |
| ४८ | SEE पश्चात् प्राविधिक विषय (CTEVT) तथा MBBS अध्ययन गर्ने ५ जना विद्यार्थीका (प्रति वडा १ जना) लागि छात्रवृत्ति | २७२११ | ४,००,००० |
| ४९ | रसायनिक मल ढुवानी अनुदान कार्यक्रम | २८१४३ | ४,००,००० |
| ५० | कृषि सेवा केन्द्र व्यवस्थापन | ३१११३ | १,००,००० |
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
| ५१ | माटो ल्याब तथा माटो संरक्षणका लागि सामाग्री खरिद | ३११२२ | १,५०,००० |
| ५२ | उत्पादनमा आधारित पशुपालन प्रवर्दन कार्यक्रम | ३११३१ | १०,००,००० |
| ५३ | एक घर एक बगैंचा कार्यक्रम | ३११३१ | १०,००,००० |
| ५४ | गाई भैसी पालन प्रवर्धन कार्यक्रम | ३११३१ | ८,००,००० |
| ५५ | चिया प्रशोधन साझेदारी कार्यक्रम | ३११३१ | ५,००,००० |
| ५६ | चिया बगान व्यवस्थापन | ३११३१ | ५,००,००० |
| ५७ | फौजी किरा, ढुसी जन्य, प्राकृतिक प्रकोप, अतिवृष्टि आदि बाट हुने क्षति न्यूनिकरण | ३११३१ | ४,००,००० |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

लोकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० मंगलवार

| | | | |
|---|---|---|---|
| ५८ | बंगुर प्रवर्दन कार्यक्रम | ३११३१ | ५,००,००० |
| ५९ | बाली संरक्षण प्रविधि हस्तान्तरण (फेरोमोन ट्र्याप, एलोपासो, लाइट ट्राप आदि) | ३११३१ | ५०,००० |
| ६० | मसला खेती विस्तार कार्यक्रम | ३११३१ | ३,००,००० |
| ६१ | माटो परीक्षण कार्यक्रम तथा कृषि चून र जिप्सम वितरण | ३११३१ | १,५०,००० |
| ६२ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ३११३१ | २,००,००० |
| ६३ | व्यवसायिक तरकारी खेती विस्तार कार्यक्रम | ३११३१ | २,५०,००० |
| ६४ | सेवा केन्द्र भवन मर्मत | ३११३१ | ३,००,००० |
| ६५ | साझेदारी कृषि साना उद्योग (सस, जुस जडिबुटी तेल आदि उद्योग) | ३११३१ | २,५०,००० |
| ६६ | जग्गा वर्गिकरणको वडागत ढड्डा (कित्ता विवरण ) खडा गर्ने | ३११३५ | २,००,००० |
| ६७ | डोरगोठे डाँसे सडक | ३११५१ | ७,००,००० |
| ६८ | कोलगैरा छोर्तेन निर्माण | ३११५९ | ५,००,००० |
| | कुल जम्मा | | २,९५,४६,००० |

सुनापति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चालु खर्च

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | १,७५,००,००० |
| २ | पारिश्रमिक पदाधिकारी | २१११२ | ४५,००,००० |
| ३ | खाद्यान्न | २११२२ | २,००,००० |
| ४ | औषधीउपचार खर्च | २११२३ | ३,००,००० |
| ५ | स्थानीय भत्ता | २११३१ | १३,००,००० |
| ६ | महंगी भत्ता | २११३२ | ५५,००,००० |
| ७ | कर्मचारीको बैठक भत्ता | २११३४ | ६,००,००० |
| ८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | २,००,००० |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँनगर जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

डुलीकान्छा तामाङ
सभा अध्यक्ष
मिति २०८२ असार १० बुधबार

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | |
|---|---|---|---|
| ९ | अन्य भत्ता | २११३९ | ५,००,००० |
| १० | मासिक शाखागत/विषयगत समिति समिक्षा गोष्ठि/कार्यक्रम | २११३९ | ५,००,००० |
| ११ | पदाधिकारी बैठक भत्ता | २११४१ | २,००,००० |
| १२ | कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | २१२१२ | ७,००,००० |
| १३ | कर्मचारी कल्याण कोष | २१२१४ | ५,००,००० |
| १४ | पानी तथा बिजुली | २२१११ | १२,००,००० |
| १५ | संचार महसुल | २२११२ | ११,००,००० |
| १६ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | १५,००,००० |
| १७ | एम्बुलेन्स र सव बाहन मर्मत तथा संचालन | २२२१३ | ७,००,००० |
| १८ | सवारी साधन मर्मत खर्च | २२२१३ | ४०,००,००० |
| १९ | सवारी साधन मर्मत खर्च जेसिबि/अन्य | २२२१३ | ७,००,००० |
| २० | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | ५५,००,००० |
| २१ | पुस्तक तथा सामग्री खर्च | २२३१३ | ३,००,००० |
| २२ | इन्धन - अन्य प्रयोजन | २२३१५ | ७,००,००० |
| २३ | करार सेवा शुल्क | २२४१३ | १,४९,९६,३९२ |
| २४ | उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम | २२५१२ | ३,००,००० |
| २५ | कार्यक्रम खर्च | २२५२२ | ७,००,००० |
| २६ | सार्वजनिक सुनुवाई | २२५२२ | ४,००,००० |
| २७ | विविध कार्यक्रम खर्च | २२५२९ | ५,००,००० |
| २८ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | २०,००,००० |
| २९ | भ्रमण खर्च पदाधिकारी | २२६१२ | ७,००,००० |
| ३० | विविध खर्च | २२७११ | २५,००,००० |
| ३१ | सभा सञ्चालन खर्च | २२७२१ | ३,००,००० |
| ३२ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | ५,००,००० |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

[illegible]
सभा अध्यक्ष
मिति २०८२ असार १० बुधबार

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | |
|---|---|---|---|
| कुल जम्मा | | | ७,१०,९६,३९२ |

## सुनापति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चालु खर्च

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
|---|---|---|---|
| १ | अस्पताल/स्वास्थ्य चौकीहरुको लागि ल्यापटप र CHU हरुलाई ल्यापटप, प्रिन्टर खरिद | २२२२१ | ४,००,००० |
| २ | स्काउट व्यवस्थापन | २२५२२ | २,५०,००० |
| कुल जम्मा | | | ६,५०,००० |

## सुनापति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

आन्तरिक स्रोत

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | जम्मा |
|---|---|---|---|
| १ | बालविकास केन्द्रका सहयोगि तथा विद्यालय कर्मचारीका लागि थप पारिश्रमिक | २१११११ | ७६,००,००० |
| २ | चौमासिक सामाजिक सूरक्षा भत्ता वितरण सहजीकरण | २११३९ | २,००,००० |
| ३ | मेलमिलाप कर्ताहरुलाई जिल्ला स्तरीय कार्यक्रम | २११३९ | १,००,००० |
| ४ | न्यायीक समिति र मेलमिलापकर्ता बैठक भत्ता | २११४१ | २,००,००० |
| ५ | उत्पादनमा एकल वृद्ध कन्या तथा पुरुष | २१२१९ | १८,००,००० |
| ६ | बायोमेट्रिक डिभाइस खरिद | २१२१९ | १,५०,००० |
| ७ | सुनापति आधारभूत अस्पतालको लागि Electronic Medical record सफ्टवेयर खरिद | २२११३ | ५,००,००० |

सुनापति गाउँपालिका गाउँसभा १८ औं अधिवेशनको प्रथम बैठकको निर्णय पुस्तिका बागमति प्रदेशको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७८ को दफा २२ (१) बमोजिम प्रमाणित गर्दछु।

[illegible] थापा
सभा अध्यक्ष
मिति: २०८२ असार १० मंगलबार